**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०४ अक्टुबर २०२३

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. पहाडका चियाबारीमा 20 प्रतिशत बोनस वितरण गर्नु पर्ने मागमा पार्वतीय श्रमिक समन्वय समितिले सात अक्टोबरको दिन सिलगडीको श्रमिक भवनमा धर्ना प्रदर्शन गर्ने भएको छ I

२. टिस्टामा बाढ आएको एक वर्षपछि पनि पिडीतहरूले पीडितहरुले सम्बन्धित निकाय अनि प्रशासनबाट न्याय नपाएको गुनासो गर्दै टिस्टा संरक्षण मन्चले कालो दिवस पालन गर्यो I

३. मुख्यमन्त्री ममता ब्यनार्जीको निर्देशनमा सिलगढीका मेयर गौतम देव, जलपाईगडी जिल्ला परिषद सदस्य मनिषा राय र प्रशासनिक अधिकारीहरूले टिस्टाको प्रकोपबाट प्रभावित क्षेत्रको भ्रमण गरे।

४. नेहरू युवा केन्द्र दार्जीलिङ तथा खेलकुद एवं युवा मन्त्रालय मेघालयको संयुक्त तत्वधानमा मिरिकको विष्णुलाल गाउँमा संस्कृति अनि परम्परा आदान प्रदान कार्यक्रम सम्पन्न भयो।

५. मौसम विभागले आगामी २४ घण्टामा कोलकाता महानगरसहित राज्यको विभिन्न जिल्लाहरूमा भारी वर्षा हुने सम्भवना रहेको जनाएको छ I

**<u>पार्वतीय श्रमिक समन्वय समिति</u>**

पहाडका कतिपय चियाबगानमा १६ प्रतिशतले बोनस बितरण भइरहेको समय आज पार्वतीय श्रमिक समन्वय समितिले एक प्रेस भेलाको आयोजना गर्दै बोनस बितरणसित आफूहरू असन्तुष्टि रहेको बताएको छ। संगठनको पक्षबाट श्रमिक नेता समन पाठकले सरकारको १६ प्रतिशत बोनसको एडभाइजरी बिरुद्ध नै आठवटा श्रमिक संगठनहरुको समान्वय समिति गठन गरिएको बताउनु हुदै समान्वय समितिको सहमति बिना नै कतिपय चियाबगानमा १६ प्रतिशतले बोनस बितरण भइरहेको बताउनु भयो। उहाले १६ प्रतिशत बोनस समान्वय समितिको आवाज नरहेको चियाबगानमा श्रमिक आन्दोलन चरणबद्ध रुपमा हुने बताउनु हुदै आगामी सात अक्टोबरको दिन आठवटै श्रमिक संगठनले सिलगडीको दगपुरस्थित श्रमिक भवनमा धर्ना दिने बताउनु भएको छ I साथै उहाले १६ प्रतिशत बोनसको एडभाइजरी जहाँवटा आएको हो, त्यो निर्दिष्ट भएपछि अर्को चरणको आन्दोलन घोषणा गरिने बताउनु भयो।

****** ० ******

**<u>टिस्टा त्रासदी</u>**

गत वर्ष 4 अक्टोबरको दिन टिस्टामा बाढ आएर धैरै क्षति पुराएको आज एक वर्ष पूरा भएको छ । यद्यपि बाढ आएको एक वर्ष बिती सक्दा पनि पीडितहरुले सम्बन्धित निकाय अनि प्रशासन तर्फ बाट न्याय नपाएको गुनासो गर्दै टिस्टा संरक्षण मन्चको अगुवाइमा आजको दिनलाई कालो दिवसको रूपमा पालन गर्दै र्यालीको आयोजना गरे । ऱ्यालीले सत्ताइस माइलस्थित टिस्टा जलविद्युत परियोजनाको चरण तीन कार्यालय घेराव गरेका थिए। बाड पीडितहरुलाई जलविद्युत परियोजनाका जीएमले क्षतिपूर्ति समिक्षाको निम्ति जीटीएले कुनै पत्र नपठाएको आफ्नो सम्बोधनमा बताउनु भयो I उहाले टिस्टा बाढ आउनुको कारण एनएचपीसी नरहेको बताउनु हुदै आफूहरू पीडितहरुको साथमा रहेको पनि बताउनु भयो।यसरी नै स्टेज श्रीको कार्यालय घेराव गर्न पुगेका टिस्टा संरक्षण मन्चका पदाधिकारीगण तथा बाढ पीडितहरु एनएचपीसी अधिकारीको बयानसित सन्तुष्ट नरहेको मन्चका सभापति मदन छेत्री अनि सल्लाहकार किशोर प्रधानले बताएका छन् I उनीहरुले जीटीएले पनि एक घण्टामा हुने कार्य यतिका दिन बितिसक्दा पनि नगरेकोमा असन्तुष्टि जाहेर गरेका छन् I यसैबीच टिस्टा त्रासदिको एक वर्ष बितिसक्दा समेत आजसम्म पीडितहरुले न्याय नपाएको

भन्दै राजमार्ग मजदुर संगठनले कालेबुङ शहरमा पोस्टिङ गरेको छ । माकपा नेता तारा सुन्दासको सहयोगमा गरिएको पोस्टरिङपछि संगठनका प्रतिनिधिहरुले टिस्टा बाढ पिडितहरुलाई सम्बन्धित निकायबाट न्याय दिनपर्ने माग गरे।

**चमकडाँगी**

गत केही दिनदेखि परेको अविरल वर्षाका कारण जलपाइगढी जिल्लाको डबग्राम–१ नम्बर ग्राम पञ्चायतको चमकडाँगीका ४० घर टिस्टाको प्रकोपबाट प्रभावित भएका छन् । यसै क्रममा आज बिहान मुख्यमन्त्री ममता ब्यनार्जीको निर्देशनमा सिलगढीका मेयर गौतम देव, जलपाईगडी जिल्ला परिषद सदस्य मनिषा राय र प्रशासनिक अधिकारीहरूले यस क्षेत्रको भ्रमण गरे। उल्लेखनीय छ, केही दिनदेखि पहाड र तराईमा परेको अविरल वर्षाका कारण टिस्टा लगायत सबै नदीमा जलस्तर बढेको छ । टिस्टा नजिकमा रहेको डबग्राम १ नम्बर ग्राम पञ्चायतको चमकडाँगी गाउँतर्फ जाने मुख्य सडक केही दिन अगाडि नै टिस्टा नदीले बगाइसकेको छ। यसैबीच चमकडाँगी गाउँ नजिकैको क्षेत्रमा धेरै ठाउँमा कटान सुरु भएको छ । जसको कारण सम्पूर्ण गाउँ टिस्टाको गर्भमा समाहित हुने आशंका गरिएको छ । हाल गाउँवासी क्षेत्रको सामुदायिक भवनमा आश्रय लिएर बसेका छन् । आज मेयर गौतम देव, जलपाईगडी जिल्ला परिषद सदस्य मनिषा राय र अन्य प्रशासनिक अधिकारीहरूले क्षेत्रको भ्रमण गरेपछि पीडितहरूलाई राहत सामग्री हस्तान्तरण गरेका छन् । मेयर गौतम देवले मुख्यमन्त्रीलाई प्रभावित लालटुङ बस्ती र चमकडाँगी गाउँका बारेमा जानकारी गराइएको बताउनुभयो। मुख्यमन्त्रीको निर्देशनमा प्रशासनिक अधिकारीले स्थलगत निरीक्षण गरी काम थालेका छन् । प्रभावित जनतालाई सुरक्षित राख्न प्रदेश सरकारले हरसम्भव प्रयास गरिरहेको उहाँले बताउनु भयो।

****** ० ******

**नागरी चियाबारी - स्थिति**

दार्जीलिंग जिल्लाको विभिन्न चियाबारीमा हाल बीस प्रतिशत बोनसको मागलाई लिएर श्रमिक आन्दोलन जारी रहेको छ I सोही आन्दोलनबीच आज नागरी फार्म चियाबारीको स्थिति केहिक्षण तनाउपूर्ण बन्यो। यस चियाबारीको माथिल्लो बिभागमा केही श्रमिक तथा कर्मचारीहरू मेलोमा निस्किएपछि स्थिति तनाउपूर्ण बनेको बताइएको छ। चिया श्रमिकहरुको ब्यांक खातामा 16 प्रतिशत बोनस जमा भए तापनि रहल चार प्रतिसत बोनस ब्यांक खातामा जमा गरिदिएपछि मात्र चियबगानमा काम सुचारू गर्ने चियाबारीका श्रमिकवर्गले निर्णय गरेका थिए । तर चियाबगानमा काम लगाइएपछि दुइवटै बिभागको श्रमिकवर्गले घटनाको बिरोध जनाएपछि स्थिति तनाउपूर्ण बन्न पुगेको थियो ।

****** ० ******

**नेहरू युवा केन्द्र दार्जीलिङ**

नेहरू युवा केन्द्र दार्जीलिङ तथा खेलकुद एवं युवा मन्त्रालय मेघालयको संयुक्त तत्वधानमा ४ दिवसीय छिमेकी राज्यको संस्कृति अनि परम्परा आदान प्रदान कार्यक्रम २०२४ को तेस्रो दिनको कार्यक्रम मिरिक खण्ड अन्तर्गत विष्णुलाल गाउँमा सम्पन्न भयो। कार्यक्रममा मेघालय बाट ४१ जनाको सदस्य टोली उपस्थित थिए भने टोलीलाई भूतपूर्व राष्ट्रिय स्वयंसेवक दिपेस गिरी अनि अनमोल गुरुङ्ग स्वागत गरेका थिए। मेघालयबाट आएका टोलीमा खासी अनि गारो जातिका सदस्यहरू उपस्थित थिए भने उनीहरूले आफ्नो जातिय परम्परा झल्काउने नृत्य अनि गीत प्रस्तुत गरे। कार्यक्रममा मिरिक महा विद्यालयको सांस्कृति टोलीले आफ्नो जाति, परम्परा अनि संस्कृति आदान प्रदान गर्ने क्रममा जातिय नृत्य प्रस्तुत गरे ।

****** ० ******

**पूलबजार पैरो**

दार्जीलिङ पुलबजार खण्डको मझुवा ग्राम पञ्चायत अधिनस्थ लङ्गुरदाङ ढाँड गाउँका १२ परिवार पैह्रोको चपेटामा परेका छन् । ग्राम पञ्चायत प्रधान रोगेन वाङदी लेप्चाले पैरोग्रस्त क्षेत्रको स्थलगत भ्रमण गर्नु भएको हुदै पैह्रो पिडित केही राहत सामग्रीहरू वितरण गर्नु भयो I उहाले ग्राम पञ्चायतबाट हुन सक्ने सबै सहयोग गर्ने अनि यस बिषयमा उच्चस्तरसम्म जानकारी गराइसकेको बताउनु भएको छ ।

****** ० ******

**मिरिक पैरो**

मिरिक महकुमा अन्तर्गत थर्बु चियाकमान नन्दलाल गाउँ निवासी मन्जु राई अनि प्रमेस राईको घर अविरल वर्षाको कारण पैरोले क्षतिग्रस्त भएपछि जीटीए मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राई ,पहिला गाउँ स्कुल डाँडा ग्राम पन्चायत दुईका

ग्राम प्रधान श्रीमती जयन्ती सुब्बा अनि ग्राम पन्चायत सदस्य दिपेन्द्र राईले स्थलगत भ्रमण गरि वस्तुस्थिति बुझे I निर्वाचित सदस्यहरूले पिडितहरूसंग कुराकानी गर्दै क्षय क्षतिको विवरण संग्रह गरे I पीडितहरूसंग भेटघाट गरेपछि सभासद मिलेस राईले घटनाप्रति दुख व्यक्त गर्नु हुदै पिडित परिवारलाई चाँड़ो सरकारी सहुलियत प्रदान गर्ने प्रयास गरिने साथै ब्याक्तिगत रूपमा पनि केही सहयोग गर्ने वचन दिनु भएको छ।

****** ० ******

**हिल विद्यार्थी संघ**

उत्तर बङ्गाल विश्वविद्यालयको हिल विद्यार्थी संघले आज डा. नुपुर दासलाई विश्वविद्यालयको रजिस्ट्रारको रूपमा नियुक्ति भएकोमा बधाई दिएको छ। एक प्रेस विज्ञप्ति जारी गर्दै हिल विद्यार्थी संघले . नुपुर दासलाई बधाई दिएको छ I दार्जीलिंग जिल्लाको खरसांगमा जन्म ग्रहण गर्नु भएकी डा. दास आफ्नो प्रारम्भिक शिक्षा खर्सांगकै सेन्ट हेलेन्स अंग्रेजी स्कूल पूरा गर्नु भएको थियो भने दार्जिलिङको लोरेटो कलेज (साउथफिल्ड कलेज) बाट स्नातक परीक्षा उतीर्ण गर्नु भएको थियो।

****** ० ******

**अलिपुरद्वार अदालत**

अलिपुरद्वार जिल्लाको पुरानो अदालत भवनको दोस्रो तल्लामा आज बिहान अतिरिक्त जिल्ला न्यायाधीश दोस्रो अदालतको औपचारिक रूपमा उदघाटन गरियो। मूलतः यो पहल अलिपुरद्वार जिल्लाका विभिन्न अधुरा मामिलाहरूलाई द्रुत गतिमा समाधान गर्नाका लागि लिइएको बताइएको छ।
कलकत्ता हाई कोर्टका मुख्य न्यायाधीश टीएस शिवाङ्गमले अदालतको औपचारिक रूपमा उदघाटन गर्नु भयो। यस अवसरमा जिल्ला अदालतका न्यायाधीश विभूति केसाङ र अलिपुरद्वार बार एसोसिएसनका अध्यक्ष मृदुल गोस्वामी विशेष रूपमा उपस्थित थिए।
नयाँ अदालतमा उत्तम भट्टाचार्यले न्यायाधीशको जिम्मेवारी सम्हाल्नु भएको छ। अतिरिक्त जिल्ला न्यायाधीश दोस्रो अदालतले लागू औषध सम्बन्धी विशेष मुद्दाको सुनुवाइ गर्ने बताइएको छ।

****** ० ******

**रोटरी क्लब दार्जीलिङ**

रोटरी क्लब अफ दार्जीलिङले शुक्रबार दार्जीलिङका 39 विद्यालयका विद्यार्थीहरूसँग दशैं मनायो। उल्लेखनीय छ, क्लबले विगत २० वर्षदेखि स्प्रेड द ह्याप्पिनेस अफ दशैं आयोजन गर्दै आइरहेछ।
रोटरी क्लब अफ दार्जिलिङका अध्यक्ष समीर सिंघलले यस वर्ष क्लबले दार्जिलिङको साई स्कूल र रेडक्रस विद्यालयका नानीहरूसँग दशैंको खुशियाली बाँड्ने निर्णय गरेको जनाउनु भएको छ। यसैबिच, यहाको एउटा होटलमा विद्यार्थीहरूका लागि चलचित्र देखाइयो भने विद्यार्थीहरूले दशैंको लुगा किन्न सकुन् भन्ने उद्धेश्यले विद्यार्थीका अभिभावकहरुको हातमा प्रत्येक विद्यार्थीलाई १२ सय रुपियाँको सपिङ कूपन वितरण गरियो।

****** ० ******

**पुबोंग नवरात्री**

दार्जीलिङ जिल्ला अन्तर्गत पूमोङ चियाबारीको गैरी धुरामा नवरात्री पुजा शुरू भएको छ। गैरी धुरामा अवस्थित देवी मन्दिरमा हिज्देखी पाँच दिवसीय नवरात्री पुजा शुरू भएको आयोजक समितिले जनाएको छ। श्रद्धालुहरूले भक्ति भावको साथमा पूजा अर्चना गरिरहेका छन्।

****** ० ******

**मौसम**

पश्चिम बंगालका राज्यको खाडीमा बनेको न्यून चापीय क्षेत्रका कारण कोलकाता सहित दक्षिण २४ परगना, उत्तर २४ परगना, हावडा, हुगली, मिदनापुर र पुरुलिया,दार्जीलिंग अनि कालेबुंग ज जिल्लाहरूमा वर्षाको सम्भावना छ। यी क्षेत्रमा मेघ गर्जनसहित भारी वर्षाको सम्भावना रहेकोले जनजीवन प्रभावित हुने सम्भावना रहेको छ।

****** ० ******